धनगढी उपमहानगरपालिका

DHANGADHI SUBMETROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.सं. :- २०८३।०८४

च.नं. :-

विषय : शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारहरुलाई शिक्षक पदको लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८३।०७।१० गते मंगलबार)

यस उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा हालसम्म रिक्त भएका माध्यमिक र प्राथमिक तहमा रिक्त कोटामा शिक्षकको करार नियुक्तिका लागि धनगढी उपमहानगरपालिकाको नगर शिक्षा ऐन, २०८१ को दफा १७ को उपदफा (३) बमोजिम शिक्षक सेवा आयोगको करार सूचीबाट करारमा शिक्षक पदपूर्ति गर्न माध्यमिक तहको लागि शिक्षक सेवा आयोगको **सुदूरपश्चिम प्रदेश**को र प्राथमिक तहको लागि **सुदूरपश्चिम प्रदेश कैलाली जिल्लाको** करार सूचीमा रही उमेर हद ननाघेका ईच्छुक व्यक्तिहरुले उपमहानगरपालिकाको वेबसाइट https://dhangadhimun.gov.np वा फेसबुक पेज **शिक्षा, युवा तथा खेलकुद महाशाखा, धनगढी उपमहानगरपालिका** वा कार्यालयबाटै दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद महशाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ। सुचनाको म्यादभित्र तोकिएको विज्ञापनमा दरखास्त नपरेमा यस कार्यालयको शिक्षकको प्रतिक्षा सूचीको तयारी परीक्षाको विज्ञापनबाट सफल भएका उम्मेदवारलाई सिफारिस गरी पठाइने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

२०८३।०७।१०

घुम्मन सिं बडायक

शाखा अधिकृत

१. **करार सूचीबाट पदपूर्ति हुने शिक्षक पदको विज्ञापन नं., पद संख्या, तह, विषय र प्रकार :**

क्र.सं.	विज्ञापन नं.	पद संख्या	तह	विषय	कोटाको प्रकार
१	१०।२०८३-०८४	१	माध्यमिक	नेपाली	अस्थायी करार
२	११।२०८३-०८४	१	माध्यमिक	अँग्रेजी	अस्थायी करार
३	१२।२०८३-०८४	१	माध्यमिक	विज्ञान	अस्थायी करार
४	१३।२०८३-०८४	३	प्राथमिक		अस्थायी करार

२. **पारिश्रमिक तथा अन्य सुविधा :** सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिम।

३. **दरखास्त दस्तुर :** उपमहानगरपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ।

(क) माध्यमिक तहका लागि रु. १०००।– (रु. एक हजार मात्र)

(ख) प्राथमिक तहका लागि रु. ५००।– (रु. पाँच सय मात्र)

४. **दरखास्त दिने अन्तिम मिति :** मिति २०८३ कार्तिक २४ गते मंगलबार कार्यालय समयभित्र (दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछि कार्यालय खुलेको पहिलो दिन पेश गर्न सकिनेछ। दोब्बर दस्तुरको व्यवस्था छैन)।

५. **संलग्न गर्नुपर्ने कागजातहरु :**

(क) तोकिएको ढाँचाको दरखास्त फाराम।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(ग) स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।

(घ) शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपीहरु।

(ङ) शिक्षक सेवा आयोगको परीक्षाको प्रवेश पत्रको प्रमाणित प्रतिलिपी।

(च) शिक्षक सेवा आयोगको करार सूचिमा नाम समावेश भएको करार सूचीको प्रमाणित प्रतिलिपि।

नोट : काम गर्नुपर्ने विद्यालयको जानकारी पछि गराइनेछ।